नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०८०/०८१

चलानी नं.:- २१५

मितिः२०८१/२/२९

विषयः बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन लागि बजेट विनियोजन सम्बन्धमा ।

श्री महा/उप/नगरपालिका, सबै

श्री गाउँपालिका, सबै

गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुँचको सुनिश्चतता गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्ने लक्ष्य सहित कार्यान्वयन आएको बहुक्षेत्रीय पोषण योजना तेस्रो (आ.व.२०८०/०८१-२०८७/०८८) ले पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता र गुणस्तर सुधार गरी समतामूलक पहुँच एवम् उपभोगको सुनिश्चितता, पोषणमैत्री शासनको प्रवर्द्धन र सामाजिक व्यवहार परिवर्तनमार्फत स्वास्थ्य, पोषण र खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी असल व्यवहार प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ । योजनाको कार्यान्वयनबाट पोषणसम्बन्धी राष्ट्रिय तथा विश्वव्यापी लक्ष्य तथा दिगो विकास लक्ष्य, २०३० सहितका अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल हुने अपेक्षा गरिएको छ । योजनाको कार्यान्वयनका लागि रु. १,८९,४५,४०,७०,०००/- (एक खर्ब उनानब्बे अर्ब पैंतालिस करोड चालिस लाख सत्तरी हजार) लागत अनुमान भएको र सन् २०३० सम्म समयावधि रहेको यस योजनाको ९१.२% लागत हाल संचालनमा रहेका पोषण सुधारसंग सम्बन्धित विद्यालय दिवा खाजा कार्यक्रम, बालपोषण अनुदान, शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम लगायतका नियमित कार्यक्रमको रहेको छ भने बाँकी बजेट थप कार्यक्रमको लागि व्यवस्थापन गर्नुपर्ने देखिन्छ। उक्त बजेट तिनै तहका सरकारबाट ७०% र विकास साझेदारबाट ३०% सहभागिता हुने प्रक्षेपण गरिएको छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिष्पर्धी, सक्षम र क्षमतावान जनशक्ति उत्पादन गर्न पोषणको क्षेत्रमा गर्नुपर्ने लगानी वृद्धि गरी यस योजनाको कार्यान्वयन गर्दै मानव पूँजीको विकास गर्न स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी र भूमिका रहेको छ।

यसै सन्दर्भमा, योजनाको कार्यान्वनमा सहयोग गर्न कार्यान्वयन रहेको बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत आगामी आ.व.२०८१/०८२ को लागि उपलब्ध श्रोत तथा युरोपियन युनियनसँगको प्रस्तावित सम्झौताको आधारमा तोकिएका नतिजा हासिल गर्न सहयोग पुग्ने गरी ब.उ.शि.नं. ३६५००१०६३ मा वित्तीय हस्तान्तरणको प्रस्ताव LMBIS मार्फत पठाई सकिएको छ । **स्थानीय तहको पोषणको अवस्था, लक्षित समूह पहिचान र सञ्चालन पोषण लक्षित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न स्थानीय तहबाट समेत आवश्यक बजेट विनियोजन गरी एकीकृत कार्यक्रम कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक व्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।**

पुनश्चः चालु आ.ब. २०८०/८१ को वित्तीय हस्तान्तरणमा समावेस भएको यो कार्यक्रमको लागि विकास साझेदार र नेपाल सरकारबीचको बजेट सहायता सम्झौता प्रकृयामाकै रहेकोले हालसम्म भएको बजेट फुकुवाको अलावा थप बजेट फुकुवा हुन सक्ने नदेखिएकोले यस कार्यक्रम अन्तर्गत चालु आ.व. मा थप दायित्व सृजना हुनेगरी कार्यक्रम नगर्नु/नगराउनु हुन अनुरोध छ।

बोधार्थः श्री सूचना प्रविधि शाखा-वेवसाइटमा राखिदिने तथा स्थानीय तहमा इमेल मार्फत समेत सप्रेशणको लागि ।

२/२९

दीपेश केहेल

शाखा अधिकृत